# सत्यवती गाउँपालिका

प. सं. २०७७/०७८

च. नं.

मिति: २०७७/०८/२८

विषय :- भूल सुधार सम्बन्धमा ।

श्री सरोकारवाला सवै,

प्रस्तुत विषयमा मिति २०७७/०८/२७ गते यस सत्यवती गाउँ कार्यपालिकाको कार्यालय गुल्मीबाट मिति २०७७/०८/२८ देखि लागु हुनेगरी नदी जन्य पदार्थ विक्रिका लागि वोलपत्र आब्हानको सूचना प्रकासन गरिएकोमा वढीगाढ खोला वडा नं. ६ को क्षेत्रमा आ.ब. २०७७/०७८ मा विक्रिका लागि तोकिएको परिमाण (घ.फि.) ३०८९६२.५० हुनुपर्नेमा ३०८९६.५० भई फरक पर्न गएकोले भूलसूधार गरिएको व्यहोरा अनुरोध छ ।

झविश्वर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

इमेल:- 
फोन नं -०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np
फेसबुक पेज:-

# सत्यवती गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

जोहाङ्ग, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थ विक्रिका लागि वोलपत्र आब्हानको सूचना

**राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित मिति : २०७७/०८/२८**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) को खण्ड (६), दफा ६४ को उपदफा १ (च), नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत मापदण्ड २०७७, लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०७७ को दफा ९ (१), अनुसूची- ६, लुम्बिनी प्रदेको नदी जन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ र सत्यवती गाउँपालिकाको निर्णयानुसार देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि सत्यवती गाउँपालिकाको नाममा एनसीसी वैंक जोहाङ्ग खैरेनीमा रहेको हि.नं. ग-१-१ १४७००००१८३०१ को आन्तरिक राजश्व खातामा वोलपत्र दस्तुर जम्मा गरी वोलपत्र खरिद गर्नुको साथै हि.नं. ग -३ धरौटी खाता नं. १४७००००००५१०१ मा धरौटी रकम जम्मा गरी सो को सक्कल भौचर वा ९० दिनसम्म म्याद भएको नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त वाणिज्य वैंकबाट जारी गरिएको विड वन्ड सहित नदीजन्य पदार्थ खरिद विक्रिको लागि वोलपत्र/ शिलवन्दीको सूचना प्रकाशन गरिएको व्यहोरा सवैमा सूचित गरिएको छ। अन्य आवश्यक शर्तहरु कार्यालयको वेभसाईट www.satyawatimun.gov.np मा हेर्न सकिने छ ।

१. आन्तरीक बिक्री तर्फ : (ढुंगा, गिट्टी, वालुवा र मिस्कट)

| क्र सं | नदी/ खोलाको नाम | नदीजन्य पदार्थ संकलन गरिने क्षेत्र | आ.ब.०७७/०७८ मा विक्रिकालागि तोकिएको परिमाण (घ.फि.) | विक्रिको न्यूनतम दररेट प्रति घनफिट | विक्रिको लागि न्यूनतम वोलपत्र रकम(सेवा शुल्क र भ्याट वाहेक) | फाराम दस्तुर | वोलपत्र फाराम खरिद गर्न सकिने मिति | वोलपत्र/ दरभाउपत्र दर्ता गरिने अन्तिम मिति र समय | वोलपत्र खोलिने मिति समय र स्थान | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | वढिगाढ खोला वडानं.-६, जोहाङ्ग | खल्लुका रुख क्षेत्र र उल्लीखोला वगर क्षेत्र | ३०८९६.५० | प्रति घन फिट रु.५ | उल्लीखोला क्षेत्र | १००० | २०७७ पौष १२ गते कार्यालय समय भित्र | २०७७ पौष १३ गते १२ वजेसम्म | २०७७ पौष १३ गते २ वजे सत्यवती गाउँ कार्यपालिका को कार्यालयमा | ५ प्रतिशत ले हुन आउने रकम |
| २. | कालीगण्ड की नदी वडानं. १ अस्लेवा खण्ड | लछादी क्षेत्र र ठूला वगर क्षेत्र | १४५६५३.७५ | प्रति घन फिट रु.५ | ठूला वगर क्षेत्र | १००० | २०७७ पौष १२ गते कार्यालय समय भित्र | २०७७ पौष १३ गते १२ वजेसम्म | २०७७ पौष १३ गते २ वजे सत्यवती गाउँ कार्यपालिका को कार्यालयमा | ५ प्रतिशत ले हुन आउने रकम |
| ३ | कालीगण्ड की नदी वडा नं.२ चेहमी खण्ड | चकमके र कथानी क्षेत्र | ५२९६५०.०० | प्रति घन फिट रु.५ | कथानी क्षेत्र | ३००० | २०७७ पौष १२ गते कार्यालय समय भित्र | २०७७ पौष १३ गते १२ वजेसम्म | २०७७ पौष १३ गते २ वजे सत्यवती गाउँ कार्यपालिका को कार्यालयमा | ५ प्रतिशत ले हुन आउने रकम |

**शर्त तथा बन्देजहरु :**

१. संघ, प्रदेश सरकार र गाउँपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

२. ठेकेदारबाट कुनै शर्त राखिएको र रित नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन । ठेकेदार र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा गाउँपालिकाको निर्णय अन्तिम तथा मान्य हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा ऐन, नियम अनुसारको शर्त तथा बन्देज समेत राखिनेछ ।

३. रोयल्टी बापत प्रति क्यू. फिट ५।- रुपैयाँका दरले राजश्व असुल गर्नु पर्नेछ । बोलपत्रमा उल्लेखित न्यूनतम ठेक्का अंकमा मु.अ.कर समावेश नभएकोले ठेकेदारले रोयल्टी असुल गर्दा तोकिए बमोजिमको मूल्य अभिबृद्धि कर थप गरि रोयल्टी असुल गर्नु पर्नेछ । घाटगद्दि व्यवस्थापन गर्दा लाग्ने संकलन खर्च र घाटगद्दि गरेको स्थानबाट लोड गरि दिए वापत प्रति क्यू. फिट रु. १०।- भन्दा बढि रकम लिन पाईने छैन । कसैले रोयल्टी नतिरी चोरी गरी नदिजन्य पदार्थ ल्याएको फेला पारेमा ठेकेदारले तोकिएको दररेटमा १०० प्रतिशत थप गरी असुल गर्न सक्नेछ ।

४. बोलपत्र स्वीकृत भए पश्चात सूचना पाएको वा टाँस भएको मितिले ७ दिनभित्र कवोल ठेक्का अंकको ४० प्रतिशत रकम र मु.अ.कर एकमुष्ट ठेक्का सम्झौताका वखत जम्मा गर्नुपर्नेछ । ठेक्का सम्झौताका बखत बाँकी ६० प्रतिशत रकम बराबरको नेपाल राष्ट्रबैक बाट मान्यता प्राप्त वाणिज्य वैकको २०७८ आषाढ मसान्त सम्म म्याद भएको स्वीकृत बैंक जमानत ( परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । बांकि दोस्रो र तेस्रो किस्ता ३०/३० प्रतिशतका दरले निर्धारण गरि **फागुन** मसान्त र **बैशाख मसान्त** भित्र बुझाउने गरि समयावधि निर्धारण गरिनेछ ।

५. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाबाट दिईएको बिक्रि आदेश रोक्का गरि बांकी रहेको किस्ता असुल उपर गर्ने तर्फ आवश्यक कानूनी कारवाही गरिनेछ । बांकी रहेको नदिजन्य पदार्थ गाउँपालिकाले पुन : लिलाम गरि वा सोझै बिक्रि गर्न सक्नेछ ।

६. ठेकेदारले नदिजन्य पदार्थ बिक्रि गर्दा घरायसी कामकाज र उपभोक्ता समिति मार्फत निर्माण गरिने कार्यहरुमा प्राथमिकता दिई उपलब्ध गराउनु पर्दछ । कुनै आयोजना वा सस्थाले मात्र पाउने गरि बिक्रि गर्न पाउने छैन र गुल्मी जिल्ला बाहिर बिक्रि वा निकासी गर्न पाउने छैन ।

७. ठेक्का कबोल गर्ने ठेकेदारले गाउँपालिकाले तोकेको रोयल्टी उठाउँदा प्रयोग गर्ने सिलसिलेवार नम्बर भएका रसिदहरु आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई सो रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । रोयल्टी असुल गर्दा समय उल्लेख नगरि रसिद काटेमा, प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा, नक्कली रसिद, छाप र दस्तखत प्रयोग गरेको, संकलन गर्नु पूर्व लगाईएको रेखांकन नष्ट गरेको, तोकिएको मापदण्ड भन्दा गहिरो हुने गरि उत्खनन गरेको पाईएमा पहिलो पटक रु.५,०००।-, पुन :दोहोरिएमा रु.१००००।- जरिवाना र पटकै पिच्छे दोहोरिएमा रु.२००००/- धरौटी जफत गरि ठेक्का तोड्न सकिनेछ ।

८. रोयल्टी असुली घाटगद्दिका लागि तोकिएको स्थानमा मात्र गर्नुपर्ने छ । राष्ट्रिय राजमार्ग वा सहायक मार्गहरुमा ढांट राखी कर लिन पाईने छैन । साथै संकलन/उत्खनन गरिने क्षेत्र, परिमाण, बिधि, समयावधि र दररेट सहितको होडिंग वोर्ड सम्बन्धित घाटमा राख्नुपर्नेछ ।

९. ठेक्का स्वीकृत भई सम्झौता पश्चात नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा बाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनैपनि बन्द, हडताल जस्ता मानव सृजित कारणवाट सृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाईनेछैन ।

१०. मासिक रुपमा घाटगद्दिबाट बिक्रि गरेको परिमाणको विवरण खुल्ने गरि महिना समाप्त भएको सात दिनभित्र गाउँपालिकाबाट तोकिएको ढांचामा गाउँ कार्यपालिकाको कार्यालयमा बिक्रि सम्वन्धि विवरण पेश गर्नु पर्नेछ ।

११. तोकिएको बाहेक अन्य स्थानबाट बालुवा, छर्रि, ढुङ्गा, मिस्कट निकाल्न पाईने छैन । एक्साभेटर लगायतका यान्त्रिक उपकरणहरु प्रयोग गर्न पाइने छैन । घाट क्षेत्रमा फोहर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ ।

१२. घाटहरुबाट बिक्रि हुने ढुङ्गा, गिट्टी,वालुवा, मिस्कटको परिमाण उल्लेख भएको नगदी रसिद प्रयोग गरि ढुवानी प्रवन्ध मिलाउनु पर्नेछ र परिमाण उल्लेख नगरी वा कम उल्लेख गरी कर असुल गरेमा पहिलो पटक रु. १५,०००।- र पुन : दोहोरिएमा रु. २०,०००।- का दरले थप रकम तिर्नु पर्नेछ ।

१३. ढुङ्गा, वालुवा, छर्रि, मिस्कट निकासी गर्ने चलन चल्तीका बाटो बाहेक नयां बाटो खोल्न पाईने छैन । बाटो मर्मतको व्यवस्था ठेकेदारले स्वयंले गर्नुपर्नेछ । खर्चको दावा गर्न पाइने छैन ।

१४. ठेकेदारले खोला किनारको १० मिटर दायाँ बायाँबाट बालुवा, ढुङ्गा, छर्रि, मिस्कट निकाल्न पाउनेछैन ।

१५. गाउँपालिका भित्र पर्ने राजमार्ग, सहायकमार्ग, जिल्ला मार्ग, शहरी मार्ग, पुल ,पुलेशा कल्भर्ट, नहरहेड बाँधको अपस्ट्रीम ५०० मिटर डाउन स्ट्रीम ५०० मिटर भित्र र सार्वजनिक निर्माण स्थलबाट तल माथि २०० मिटर भित्र ढुंगा, गिट्टी, वालुवा आदी झिक्न पाइने छैन । नदि खोलाको घाट वा आकृति बिग्रने गरी नदि किनारमा प्राकृतिक तवरले रहेका ढुंगा तोड्न वा फोड्न पाईने छैन । ठेक्का अवधि २०७८ जेष्ठ मसान्तसम्म मात्र रहनेछ । परिमाण पुरा भएको अवस्थामा जुनसुकै समयमा पनि बन्द गर्न सकिनेछ । जेष्ठ मसान्तसम्म तोकिएको परिमाण बिक्रि हुन नसकेमा पनि सो पश्चात ठेकेदार/व्यवसायीले बिक्रि गर्न पाउने छैन र कबोल गरेको रकममा छुट पाईने छैन । उक्त नदिजन्य पदाथ गाउँपालिकाले जफत गरि लिलाम गर्न सक्नेछ ।

१६. भिजेको चिसो वालुवाबाट पानी चुहिने गरी ढुवानी गर्न पाईने छैन । सुख्खा वालुवा छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

१७. नदी वस्ती क्षेत्रमा हर्न बजाउन साथै हावा चलेको बेला संकलन तथा ढुवानी कार्य गर्न पाइने छैन । कामदारहरुका लागि दुर्घटना विमाका साथै प्राथमिक उपचार र मास्कको व्यवस्था मिलाउनु पर्नेछ ।

१८. नदी किनार तथा आसपासका वनस्पती र जीव जन्तुलाई क्षति नपुग्ने गरी सुर्योदय देखि सुर्यास्तको समयभित्र मात्र संकलन तथा निकासी गर्नुपर्ने छ ।

१९. नदीमा बाढी आएको बेला संकलन गर्न पाईनेछैन । साथै संलकन तथा ढुवानी कार्यमा स्थानीय मजदुरलाई प्राथमिकता दिई कार्य गराउनु पर्नेछ ।

२०. वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै कार्य गर्न पाईने छैन साथै वातावरण संरक्षण सम्बन्धि गाउँपालिकाको प्रतिवद्धता र आदेशलाई पालना गर्नुपर्ने छ ।

२१. प्रारम्भिक वातावरणीय परीक्षणको स्वीकृत प्रतिवेदनमा उल्लेख भएका सवै शर्तहरुको पालना गर्नु पर्ने छ ।

२२. मूल्य अभिवृद्दि करमा दर्तावाला फर्म वा व्यक्तिहरु मात्र यो ठेक्का प्रक्रियामा सहभागि हुन पाउने छन ।

२४. वोलपत्र/शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने/नगर्ने वा वदर गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित हुनेछ ।

२५. घाटगद्दि व्यवस्थापन सम्बन्धमा गाउँ कार्यपालिकाबाट स्वीकृत कार्यविधि अनुसार हुनेछ ।

२६. ठेक्का स्वीकृत भए पश्चात एकमुष्ठ रकम बुझाउन चाहेमा दश प्रतिशत रकम छुट दिईने छ ।

२७. ठेक्का रकम स्पस्ट वुझिनेगरी अंक र अक्षरमा खुलाउनु पर्ने छ।

२८. यो सूचनामा उल्लेख भएका शर्तहरु यसै वमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन वमोजिम हुनेछ।

..............................

झविश्वर रेग्मी

प्रमुख प्रशासकीय अधिकृत